
# मिलिजुली घर



बिक्रीका लागि होइन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# मिलिजुली घर



बिक्रीका लागि

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
शारदा अधिकारी (ढकाल)

चित्राङ्कन
सुजन चित्रकार

सम्पादक
भिक्टर प्रधान

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।


पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीका लागि होइन ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।


वि.सं. २०७६ — पाठ्यक्रम विकास केन्द्र






हुरी चलेको अँध्यारो दिन थियो। झमझम पानी पर्न थाल्यो। च्यान्टे बाँदर झरीबाट जोगिन रुख चढ्दै थियो।

"यो रुखले पानी ओतेन खोइ ! मलाई त जाडो पनि भयो ।" च्यान्टेले नाकमा बगेको पानी पुछ्दै भन्यो ।







बिक्रीका लागि होइन ।

'त्यो रुख अग्लो र झ्याम्म परेको छ, त्यहाँ पानी तप्कँदैन होला !' च्यान्टेले मनमनै सोच्यो र नजिकैको अर्को रुखमा हाम फाल्यो ।


“यो वनको सबैभन्दा अग्लो रुख हो । ओत लाग्न यो ठाउँ बेस हुन्छ । यहाँबाट खोलापारिको गाउँ पनि मजाले देखिन्छ ।” च्यान्टेले मुन्टो तन्काउँदै गाउँतिर हेऱ्यो ।






एक छिनपछि त्यस रुखले पनि दर्के पानी थेगेन। "पानी त यहाँ पनि चुहिरहेछ।" जिउ हल्लाउँदै च्यान्टेले भन्यो, "ठुलो पानी पातले थेग्दो रहेनछ। वनमा कतै ओत लाग्ने ठाउँ पनि छैन।"

"ए ! भाग्यमानी घर पालुवाहरूलाई हेर त ! मजाले घरमा ओत लागेका छन् ।" च्यान्टेले अग्लो रुखमाथि बसेर मुन्टो बटार्दै सोच्यो ।





च्यान्टेले सँगैको हाँगामा गुँडमा बसिरहेको चरा देख्यो । ‘मैजस्तो भिजेको रहेछौ नि ! गुँड भएर के गर्नु ?’ बाँदरले मनमनै भन्यो ।

तर अर्को हाँगामा अर्को खालको गुँडमा बसेको चरा भिजेको रहेनछ । "पख्लास् !" च्यान्टेको मुखबाट बिस्तारै निस्क्यो ।




बिक्रीका लागि होइन ।

"लौ खा ! मलाई इख्याएर तँ गुँडमा मजाले बसेको होइनस् ?" च्यान्टेले दारा किटेर गुँड फाल्दै भन्यो ।




बिक्रीका लागि होइन ।

त्यही रुखमुनि बसिरहेको हात्तीले त्यो सबै देख्यो । उसले रिसाएर भन्यो, "ए ! के गरेको च्यान्टे ! तेरो काम छैन ?"




बिक्रीका लागि होइन

"तँलाई पनि मिल्काइदिऊँ ? निर्धालाई हेप्छस् ?" हात्ती एकदम रिसायो ।



“गजराज, अब म यसो गर्दिनँ। हिजो राति म रातभर रुझेँ, यिनीहरू मजाले गुँडमा मस्त निदाइरहेका थिए।” बाँदरले निन्याउरो मुख लाएर भन्यो।




“ताँ पनि घर बना न त। अर्काको रिस गर्ने हो मूर्ख! रुझ्न त म पनि रुझेँ नि!” हात्तीले भन्यो।


"बिचरो यो नीलगाई पनि त रातभर रुझ्यो नि ! वनमा कुनै जन्तुको घर छैन । उ ती कमिलाको गोलो छ, माहुरी र बारुलाका चाका छन्, धमिराको पनि गोला छ । खरायो र मुसाका दुला छन् । केही चराका गुँड छन्, बस् । अरू कसको घर छ र ?"




"उ हेर न, ती कमिलाले जस्तै हामी सबै मिलेर बनाए त सबैलाई घर हुन्छ नि !" हात्तीले कमिलाको ताँतीतिर देखाउँदै भन्यो ।




"ठिक भन्यौ गजराज ! म छाउनलाई खर ल्याइदिन्छु ।" नीलगाईले भन्यो । "म काठपात बटुल्छु, जा च्यान्टे हाम्रा साथीहरू सबैलाई बोला ।" हात्तीले बाँदरलाई अरायो ।





"यति सामान भए
त पुगला नि !"
हात्तीले भन्यो ।



"मूल खाँबो म यहाँ गाड्छु, गारो लगाउने काम च्यान्टेहरूको !" हात्तीले भन्यो ।




"यति अग्लोमा झ्याल ठिक हुन्छ ।" घोडगधाले भन्यो ।

बिक्रीका लागि होइन



"दुइटा भौप्वाल पनि राख्नुपर्ला ।" नीलगाईले भन्यो ।
"हुन्न । खरको छानामा भौप्वाल हुँदैन । झिँगटीको छानामा पो भौप्वाल हुन्छ ।" च्यान्टेले कुरा बुझायो ।







"भुरा बच्चाबच्चीलाई एउटा खेल्ने बाटुले घर पनि बनाइदिऔँ न, नरकट बाँकी रह्यो ।" हरिणले भन्यो ।

“माटो मुछेको खाल्डोलाई सानो पोखरी बनाऔँ न । त्यहाँ पानीको मूल पनि छ ।” हाँसले भन्यो ।

“पख !” हात्तीले भन्यो, “माटो मुछ्ने काम बाँकी छ । च्यान्टे, यी घरलाई बान्नोले घेर ।”



बिक्रीका लागि होइन ।



"लौ, च्यान्टेको चट्ट परेको घर पनि तयार भयो। अब त भोज खुवाउनुपर्‍यो नि।" हाँस अग्लो ठाउँमा उभिएर चिच्च्यायो।




बिक्रीका लागि होइन

"कसले खुवाउने भोज ? यो मेरो मात्र घर होइन, तपाईँको पनि, हामी सबैको घर।" च्यान्टेले भन्यो।



हात्ती सुँड उचालेर चिच्च्यायो, "पख ! पख ! यो गन्जक, तबेला, खोर, गोठ, गुँड केही होइन । यो हाम्रो साझा घर हो । सबैको घर ।"




बिक्रीका लागि होइन ।

च्यान्टेले निन्याउरो मुख लाएर भन्यो, “गजराज, यो घर बनाउन तपाईँले सबैभन्दा बढी दुःख बेसाउनुभयो, तर घर तपाईंलाई सानो भयो।”




हात्तीले हाँस्दै भन्यो, “यस्तै हो! मेरो घर हुँदैन च्यान्टे। आँगनमा एउटा खमारी गाडिदेऊ। त्यही मेरो घरको चिनो हुन्छ।”

“एउटा काम बाँकी छ, घरको उद्घाटन।” हात्तीले भन्यो। अनि हात्तीले च्यान्टेलाई उचालिदियो र च्यान्टेले पर्दा उघारेर घरको उद्घाटन गऱ्यो।




मिलिजुली घर
हिंसक जनावरहरूलाई
प्रवेश निषेध

अनि हात्तीले भाषण दियो, सबै जनावरले सुनिरहे, “यो घर हामी सबैको हो। घर बनाउने इच्छा च्यान्टेको हो। जाँगर हामी सबैको हो। हामीले च्यान्टेलाई सघायौँ। घरको हेरविचार च्यान्टेले गर्छ।”



बिक्रीका लागि होइन ।

बिक्रीका लागि होइन ।